# पशुपालन कार्यक्रम अनुदान सम्बन्धी कार्यबिधि, २०७७

**प्रस्तावना :**

बराहक्षेत्र नगरपालिका क्षेत्रभित्रमा आर्थिक स्थिति कमजोर भएका पशुपालन व्यवसायमा इच्छुक असंगठित कृषकहरुलाई तिनीहरुको आर्थिक स्थितिमा सुधार ल्याउन, स्वरोजगारमा बृद्धि गर्ने तथा पशु, पशुजन्य पदार्थमा आत्मनिर्भर बनाउन कृषकहरुलाई पशुपालन, माछापालन, कुखुरापालन, डेरी प्रर्बद्धन, तथा घाँस खेती कार्यक्रम संचालन गर्नका लागि कानुनी व्यवस्था गर्न वाञ्छनिय भएकोले बराहक्षेत्र नगरपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी बराहक्षेत्र नगरपालिकाको कार्यपालिकाद्वारा यो कार्यबिधि स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यबिधिको नाम “पशुपालन कार्यक्रम अनुदान सम्बन्धी कार्यबिधि २०७७” रहेको छ ।

(ख) यो कार्यबिधि बराहक्षेत्र नगरपालिका, नगर कार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

## परिच्छेद-२
## परिभाषा

**२. परिभाषा :** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

(क) “कार्यालय” भन्नाले बराहक्षेत्र नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ख) “कार्यक्रम” भन्नाले कृषकलाई पशुपालन कार्यक्रममा अनुदान सम्बन्धि कार्यक्रम सम्झनु पर्दछ ।

(ग) “शाखा” भन्नाले बराहक्षेत्र नगरपालिका अन्तरगत रहेको पशुसेवा शाखा सम्झनु पर्दछ ।

(घ) “समिति” भन्नाले यस कार्यबिधि बमोजिम गठन हुने समिति सम्झनु पर्दछ ।

(ङ) “कार्यबिधि” भन्नाले पशुपालन कार्यक्रममा अनुदान सम्बन्धी कार्यबिधि, २०७७ सम्झनु पर्दछ ।

## परिच्छेद-३

## कार्यक्रमको उद्देश्य

**(३) कार्यक्रमको उदेश्य :** कार्यक्रमको उदेश्य देहाय बमोजिम हुनेछ ।

(क) सिमान्तकृत तथा कम आयस्तर भएका समुदाय लक्षित वर्ग, विदेशबाट फर्कि आएका, एकल महिला लगायतले पशुपन्छी पालन, घाँसेबाली खेती तथा मत्स्यपालन कार्यक्रम संचालन गरी उनीहरुलाई कृषि तथा पशुपन्छी पालनका क्षेत्रमा सशक्तिकरण तथा मुलप्रबाहिकरण गर्ने।

(ख) लक्षित वर्गको खाध तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने ।

(ग) लक्षित वर्गलाई रोजगारीको अवसर सिर्जना गरी आयआर्जनका माध्यमद्वारा जीविकोपार्जनमा सुधार ल्याउने ।

(घ) लक्षित कार्यक्रमहरुलाई मितव्ययी, प्रभावकारी सरल र पारदर्शी रुपमा संचालन गर्ने।

(ङ) व्यवसायिक पशु व्यवसाय तर्फ उन्मुख गराउने ।

## परिच्छेद-४

## कार्यक्रमका क्षेत्र सम्बन्धी व्यवस्था

**(४) कार्यक्रमका क्षेत्र सम्बन्धि व्यवस्था :** (१) कार्यक्रमको क्षेत्र बराहक्षेत्र नगरपालिकाको क्षेत्रभित्र रहनेछ ।

(२) पशुपालनका कार्यक्रमहरु यस आ.व मा पकेटक्षेत्र निर्धारण नगरी संचालन गरिएतापनि आगामी आ.व देखि पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम संचालन गरिनेछ ।

**(५) कार्यक्रमका बिषयगत क्षेत्र :** कार्यक्रमका बिषयगत क्षेत्र देहाय बमोजिम हुनेछ ।

(क) गाई खरिदमा अनुदान कार्यक्रम

(ख) बाख्रा खरिदमा अनुदान कार्यक्रम

(ग) बंगुरको पाठापाठी खरिदमा अनुदान

(घ) मासु उत्पादनको लागि पाडा खरिदमा अनुदान

(ङ) कुखुरा/हाँसको खोर निर्माणमा अनुदान

(च) बंगुरको कृत्रिम गर्भाधान तथा अन्य उपकरण खरिदमा अनुदान

(छ) कृषक समुह, पशु श्रोतकेन्द्र, निजि तथा सामुहिक पशुपालन फर्मको अभिलेखिकरण गर्ने

(ज) च्याप कटर र पावर स्प्रे खरिदमा अनुदान

## परिच्छेद-५
## कार्यक्रम संचालन प्रकृया

**(६) कार्यक्रम संचालन प्रकृया :** (१) पशु सेवा शाखाले कार्यक्रमको प्रस्ताव सम्बन्धी सुचना कम्तीमा १५ दिनको म्याद राखी सुचना प्रवाह गर्नु पर्नेछ र सो सुचना नगरपालिकाको कार्यालय तथा वडा समितिको कार्यालयमा समेत टाँस गर्नुपर्नेछ ।

(२) बराहक्षेत्र नगरपालिकाबाट अनुदानको लागि कृषकले अनुसुचि १ बमोजिमको ढाँचामा निवेदन वडा कार्यालय मार्फत वा सोझै पशु सेवा शाखामा दिन सक्नेछन् ।

(३) प्राप्त निवेदनहरुको आर्थिक बिकास समितिको निर्णय बमोजिम पशु सेवा शाखाको प्राविधिक र अनुगमन समितिले स्थलगत अनुगमन गरी सो को प्रतिवेदन समितिमा पेश गर्नेछ।

(४) निर्धारण भएका वडाहरुमा कम्तीमा ५ जनाको कृषकको समूह वा बराहक्षेत्र नगरपालिका भरिको एउटा कार्यक्रमको एउटै समुह गठन गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(५) कार्यक्रम संचालन गर्दा समितिले निश्चित मापदण्ड स्वीकृत गरी त्यस्तो मापदण्ड बमोजिम कृषक छनौट गरिनेछ ।

(६) मापदण्ड बमोजिम पशु सेवा शाखाले वडाको सिफारिश सहित कृषकको छनौटको लागि समिति समक्ष पेश गर्नुपर्नेछ ।

(७) उपदफा ६ बमोजिमको प्रस्तावलाई समितिले स्वीकृत गरेपछि छनौट भएका कृषक र कार्यालय बिच कार्यक्रम कार्यान्वयन सम्झौता हुनेछ ।

(८) सम्झौता पश्चात् कृषकले पशु आफैले खरिद गरि सो को नियमानुसार बिमा गराउनुपर्ने छ ।

(९) बिमा पश्चात् पशु खरिद गरेको बिल भरपाई, पशुको तस्वीर तथा बिमाको कागजात संलग्न राखी नियमानुसार कार्यालयमा अनुदान रकमको लागि भुक्तानी माग गर्नुपर्नेछ ।

(१०) च्याप कटर र पावर स्प्रेको हकमा निवेदनको आधारमा कृषक छनौट भए पश्चात् कृषकले तोकिएको रकम जम्मा गर्नु पर्नेछ ।

(११) कार्यसम्पादनको आधारमा बराहक्षेत्र नगरपालिकाले शाखाको सिफारिसमा समुहको खातामा रकम उपलब्ध गराउनेछ ।

(१२) कुखुरा/हाँसको खोर निर्माण वापतको अनुदान सम्बन्धमा खोर निर्माण कार्य सम्पन्न पश्चात् ८० प्रतिशत अनुदान रकम उपलब्ध गराइनेछ र २० प्रतिशत सम्बन्धित कृषकले श्रमदान गर्नुपर्नेछ ।

(१३) बंगुरको कृत्रिम गर्भाधान उपकरण तथा अन्य उपकरणको खरिदमा अनुदान रकमको सम्बन्धमा छनौट भएका कृषकले सामाग्री खरिद गरिसकेपछि सो बिल भरपाई तथा उपकरण शाखाले जाँच गरे पश्चात अनुदान रकम सम्बन्धित कृषकको खातामा जम्मा गरि दिनेछ ।

## परिच्छेद-६

## पशु तथा उपकरण खरिदको मापदण्ड

**(७) अनुदानमा खरिद गरिने पशु तथा उपकरणको मापदण्ड सम्बन्धि व्यवस्था :** (१) गाईको हकमा प्रति कृषक कम्तिमा १ (एक) वटा उन्नत जातको कोरेली बाच्छी प्रजनन् योग्य उमेरको वा ब्याएको माउ गाई खरिद गर्नु पर्नेछ ।

(२) बाखाको हकमा एक सदस्यको लागि बढीमा २ वटा बाखाको पाठी र समुहमा १ वटा बोकाको अनुदान रकम उपलब्ध गराईनेछ र उक्त बाखाको जिवित तौल कम्तीमा १५ के.जि. र बोकाको हकमा २५ देखि ३० के.जी. को प्रजनन्को लागि उमेर पुगेको हुनु पर्नेछ ।

(३) बंगुरको पाठापाठीको हकमा एक सदस्यलाई बढीमा दुई वटा सम्म पाठापाठी उपलब्ध गराईनछ र त्यस्तो पाठापाठी कम्तीमा ४५ दिनको हुनुपर्ने तथा उमेर र जात अनुसारको शारिरीक बृद्धि भएको हुनुपर्नेछ ।

(४) कुखुरा तथा हाँसको खोर निर्माणको अनुदानको हकमा कम्तीमा पचास वटा पन्छी अटने खोर निर्माण गर्नुपर्नेछ ।

(५) मासुको लागि पालिने पाडा खरिदको हकमा जिवित शारिरिक तौल कम्तीमा पचहत्तर के.जि. भन्दा माथीको स्वस्थ्य पाडा खरिद गर्नुपर्नेछ ।

(५) बंगुरको कृत्रिम गर्भाधान उपकरण तथा अन्य उपकरण आफ्नो आवश्यकता अनुसार सूचिकृत पसलबाट खरिद गर्नुपर्नेछ ।

(६) टर्कीको हकमा लागत मुल्यको ५० प्रतिशत अनुदानमा वितरण हुनेछ सो टर्की कम्तिमा २ हप्ताको हुनु पर्नेछ ।

## परिच्छेद-७

## सिमा तथा संख्या सम्बन्धि व्यवस्था

**(८) अनुदान रकमको सिमा तथा संख्या सम्बन्धि व्यवस्था :** अनुदान रकमको सिमा तथा संख्या सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) अनुदान रकमको हकमा सम्बन्धित कार्यक्रमको शिर्षकमा बिनियोजित रकम मात्र उपलब्ध गराइनेछ, सो भन्दा बढी रकम कृषकले स्वयं व्यहार्नुपर्नेछ ।

(ख) कार्यक्रम संख्याको हकमा वडाहरुबाट प्राप्त कृषकहरुका मागको आधारमा स्वीकृत कार्यक्रमलाई वडाहरुमा समानुपातिक हिसाबले बाँडफाँट गरी कार्यक्रम संचालन गरिनेछ तथा माग नभएको वडाहरुको कार्यक्रम अन्य वडाहरुमा समितिले निर्णय गरी संचालन गर्न सक्नेछन् तथा मुल्यको लागि यस न.पा.को पशु सेवा कार्यक्रम हेर्ने निकायले तय गर्नेछ ।

(ग) बंगुरको कृत्रिम गर्भाधान उपकरणको हकमा कृत्रिम गर्भाधान कार्यक्रम संचालन गरिने फर्मलाई बिशेष ग्राहयता दिई कार्यक्रम संचालन गरिनेछ ।

## परिच्छेद-८

## छनौट तथा समिति सम्बन्धी व्यवस्था

**(९) कृषक छनौटका आधार :** कृषक छनौटका आधार देहाय बमोजिम हुनेछ ।

(क) आयश्रोत न्यून भएका कृषक परिवार

(ख) दलित, जनजाति, मधेशी, एकल महिला, अपाङ्ग महिला तथा पुरुष, विदेशबाट फर्केको प्रमाण हुनु पर्नेछ ।

(ग) कृत्रिम गर्भाधान उपकरणको हकमा व्यवसायिक फार्म दर्ता तथा व्यवसायमा निरन्तर लागेको कृषक परिबार ।

(घ) पशुपालन व्यवसायलाई अंगाल्न सक्ने अभिरुचि भएको ।

(ङ) बिदेशबाट फर्कि नेपालमै पशुपालन व्यवसाय गर्ने इच्छाशक्ति भएको युवा ।

(च) गाई, बाख्रा, पाडा तथा बंगुरपालनमा आफ्नो गोठ तथा खोरको व्यवस्था भएको ।

(छ) चरन तथा पशु आहारको व्यवस्था गर्न सक्ने ।

(ज) खोर निर्माण अनुदानको हकमा कम्तीमा पचास वटा स्थानिय वा उन्नत जातको कुखुरा/हाँसपालन गरिएको ।

(झ) अघिल्लो आर्थिक बर्षमा अनुदान रकम नलिएको ।

(ञ) कार्यक्रम संचालन र कार्यान्वयन संयोजक कार्यपालिकाको पशु सेवा शाखा प्राविधिक प्रमुख/पशु विकास अधिकृत/पशु चिकित्सक हुनेछ ।

**नोट :** च्याप कटर तथा पावर स्प्रेको हकमा भने घरेलुमा दर्ता, पान नं., कम्पनी दर्ता वा यस नगरपालिकामा मात्र दर्ता अथवा ५ गाई, भैंसी भई भुईं ढलान वा ईटा बिछ्याएको हुनुपर्ने ।

**(१०) छनौट तथा कार्यान्वयन समिति :** यस कार्यबिधिको कार्यान्वयन गर्न तथा कृषक छनौट गर्न देहाय देहाय बमोजिमको एक समिति रहनेछ ।

(क) नगर प्रमुख - संयोजक

(ख) उप-प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(घ) नगर प्रमुखले तोकेको एक महिला सहित ३ (तिन) जना कार्यपालिका सदस्य - सदस्य

(ङ) लेखा अधिकृत - सदस्य

(च) कृषि विकास शाखा प्रमुख वा प्रतिनिधि - सदस्य

(छ) पशु सेवा शाखाका प्रमुख/पशु विकास अधिकृत/पशु चिकित्सक/पशु प्राविधिक मध्ये एक जना - सदस्य सचिव

## परिच्छेद-८

## अनुगमन सम्बन्धि व्यवस्था

**(११) अनुगमन सम्बन्धि व्यवस्था :** यस कार्यक्रमको अनुगमन नगरपालिकाको अनुगमन समिति, वडा समिति र  सम्बन्धित बिषयगत शाखाहरुले गर्नेछन् र सो को प्रतिबेदन समिति समक्ष पेश गरिनेछ ।

## परिच्छेद-९

## थपघट वा हेरफेर

**(१२) थपघट वा हेरफेर गर्न सक्ने :** यो कार्यबिधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार यस कार्यबिधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछन् ।

## परिच्छेद-१०

## बाधा अड्काउ

**(१२) बाधा अडकाउ फुकाउ :** यस कार्यबिधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा समितिले निर्णय गरी त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ तर त्यस्तो निर्णय कार्यपालिकाबाट अनुमोदन हुनु पर्नेछ ।

## परिच्छेद-११

## खारेजी तथा बचाउ

**(१३) खारेजी तथा बचाउ :** यो कार्यबिधि प्रचलित नेपाल कानून, प्रदेश कानून र बराहक्षेत्र नगरपालिकाका कानूनसँग बाझिएमा बाझिएको हदसम्म खारेज वा संशोधन हुनेछ ।

## अनुसुची-१

दफा (५) को उपदफा ३ संग सम्बन्धित

**अनुदान सहयोग उपलब्धका लागि दिने निवेदन**

श्रीमान् कार्यालय प्रमुख ज्यू

बराहक्षेत्र नगरपालिका, पशु सेवा शाखा, चक्रघट्टी सुनसरी ।

बराहक्षेत्र नगरपालिका नगर कार्यपालिकाको कार्यालय चक्रघट्टी, सुनसरी कोशी प्रदेश नेपाल

बिषय : अनुदान सहयोग उपलब्ध गराईदिने सम्बन्धमा ।

महोदय,

मलाई पशुपन्छी पालनमा सहयोग प्राप्त गरी .............................................. कार्य गर्न तिव्र इच्छा भएकाले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित वडामै रहि कार्य गर्नेछु ।

**पुनश्चः** तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

**तपसिल :**

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

२. सम्बन्धित वडा कार्यालय वा नगरपालिकाबाट सामाजिकरुपमा पछाडी परेका सिमान्तकृत महिला/दलित/जनजाति अपाङ्ग मधेशी लगाएत सिमान्तकृत वर्गको पहिचान हुने सिफारिस पत्र ।

३. तोकिएको अन्य कागजात

निवेदकको नाम :

दस्तखत :

संस्था/व्यक्ति :

ठेगाना :

सम्पर्क नं.

**प्रमाणिकरण गर्नेको :**

दस्तखत :

नाम थर : राजेश प्रसाद पोखरेल

दर्जा : प्रमुख प्रशासकीय अधिकृत

पृष्ठ संख्या : ९

मिति : २०७७०९।०७

कार्यालयको छाप :